रजिस्ट्री सं. डी.एल.-३३००४/९९ REGD. No. D.L. -33004/99

# भारत का राजपत्र
# The Gazette of India

**असाधारण**
EXTRAORDINARY
**भाग** II **- खण्ड** 3 **- उपखण्ड** (ii)
PART II - Section 3 - Sub-section (ii)
**प्राधिकारद्वारा प्रकाशित**
PUBLISHED BY AUTHORITY

**सं. ४४५५ नयाँ दिल्ली, शुक्रवार, नोभेम्बर ९, २०१८/कार्तिक १८, १९४०**
No. 4455 NEW DELHI, FRIDAY, NOVEMBER 9, 2018/KARTIKA 18, 1940

## सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय
## अधिसूचना
**नयाँ दिल्ली, ९ नोभेम्बर, २०१८**

**का. आ. ५६७० (अ). –** केन्द्रीय सरकारले सूक्ष्म, लघु तथा मध्यम उद्यम विकास अधिनियम, २००६ (२००६ को २७)-को धारा ११ द्वारा प्रदत्त शक्तिहरूको प्रयोग गर्दै सूक्ष्म, लघु तथा मध्यम उद्यम (एमएसई)-का लागि सार्वजनिक खरिद नीति २०११-२०१२ मा निम्नलिखित संशोधन गरिन्छः-

१. (i) यो आदेश सूक्ष्म, लघु तथा मध्यम उद्यम (एमएसएमई)-का लागि सार्वजनिक खरिद नीति संशोधन आदेश, २०१८ भनिनेछ।

(ii) यो सरकारी राजपत्रमा आफ्नो प्रकाशनको मितिमा कार्यकर हुनेछ।

२. सबै सूक्ष्म, लघु तथा मध्यम उद्यम (एमएसएमई)-का लागि सार्वजनिक खरिद नीति आदेश, २०१२ (जसलाई यसमा यसपछि उक्त आदेश भनिएको छ) मा जहाँ जहिले पनि आँकड़ा र शब्द ''२० प्रतिशत'' छ, त्यसलाई ''२५ प्रतिशत''-को आँकड़ा र शब्द प्रतिस्थापित गरिनेछ।

३. उक्त आदेशको अनुच्छेद ४ पश्चात् निम्नलिखित अनुच्छेदलाई जोड़िनेछः-

''४ क. महिलाहरूको स्वामित्व भएको सूक्ष्म तथा लघु उद्यमका लागि विशेष प्रावधान। सूक्ष्म तथा लघु उद्यमहरूको कुल वार्षिक खरिदमध्ये २५ प्रतिशतको लक्ष्यभित्र महिलाहरूको स्वामित्व भएको सूक्ष्म तथा लघु उद्यमबाट खरिदका लागि ३ प्रतिशतको लक्ष्य निर्दिष्ट गरिनेछ।''

फा. सं. २१(२२)/२०१८-एमए

राम मोहन मिश्रा, अपर सचिव तथा विकास आयुक्त